annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ६६ पृष्ठ ८ | काठमाडौं, शुक्रबार २० असार २०८२ | आषाढ शुक्लपक्ष नवमी नेपाल संवत् ११४५ | FRIDAY, JULY 4, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# अभाव, दबाब र प्रभावले थलियो, राजर्षि जनक विश्वविद्यालय

मैथिली भाषा, कला र संस्कृतिको धनी हो- मधेस प्रदेश। यहाँको भाषाको प्रवर्द्धन र प्राविधिक विषयको पठनपाठनका लागि राजर्षि जनक विश्वविद्यालय स्थापना गरियो। तर, अभाव, दबाब र प्रभावले विश्वविद्यालय यसरी थिचिएको छ कि, अझैसम्म यसको आफ्नै भवनसमेत छैन। भाडाको घरबाट जेनतेन क्याम्पस चलाइरहेको विश्वविद्यालयलाई उन्नत र सम्पन्न बनाउन न केन्द्र सरकारको चासो छ, न त प्रदेश सरकारकै पहलकदमी छ। त्यसैकारण राजर्षि जनक विश्वविद्यालयका समस्या समाधानका लागि सरोकारवालाहरूले अविलम्ब पहल गर्नुपर्ने जरुरी देखिएको छ।

समाचार पृष्ठ २

मनिका झा | *जनकपुरधाम*
- को रिपोर्ट




## मुख्यमन्त्री शाहद्वारा नागरिक उन्मुक्तिका मन्त्री बर्खास्त



अन्नपूर्ण | *काठमाडौं*

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले नागरिक उन्मुक्ति पार्टीका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री रामेश्वर चौधरीलाई बर्खास्त गरेका छन्।

पदबाट राजीनामा गर्न दिएको निर्देशन अवज्ञा गरेको भन्दै मन्त्री चौधरीलाई पदमुक्त गरिएको मुख्यमन्त्रीको सचिवालयले जानकारी दिएको छ। उक्त मन्त्रालय मुख्यमन्त्री शाहले आफैंसँग राखेका छन्। बजेट बनाउने क्रममा मन्त्री चौधरीले वित्तीय अनुशासन कायम नगरेको तथा खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समितिमा कार्यकारी निर्देशक नियुक्त गर्दा आफूलाई कुनै जानकारी नगरेको लगायतका कामबाट मुख्यमन्त्री शाह उनीप्रति असन्तुष्ट थिए। त्यसैकारण मुख्यमन्त्री शाहले पदबाट राजीनामा गर्न आग्रह गरेका थिए। राजीनामा नदिएपछि बर्खास्त गरेका थिए।

आफ्नो पार्टीका मन्त्रीलाई बर्खास्त गरिएको भन्दै नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरी असन्तुष्ट बनेका छन्। संरक्षक चौधरीले सत्तापक्ष छोडेर आफ्नो पार्टी अब प्रतिपक्षीमा बस्ने बताएका छन्। 'यो गठबन्धन प्रदेशमा मात्र सीमित होइन। हामी संघदेखि प्रदेशसम्म सरकारसँग गठबन्धन गरेका छौं,' संरक्षक चौधरीले भने, 'तर, आज मुख्यमन्त्रीले दादागिरी शैलीमा हाम्रा मन्त्रीलाई बर्खास्त गरेका छन्। यो पार्टीलाई सैह्य हुँदैन। हामी प्रतिपक्षीमा जान्छौं।'

उनले संघीय सरकारबाट पनि आफूहरू अलग हुने बताए। उनले पर्यटन राज्यमन्त्री अरुणकुमार चौधरीलाई राजीनामा गर्न लगाउने बताए।

'मुख्यमन्त्रीको यो शैली ठीक भएन। हामी संघको सरकारबाट पनि बाहिरिन्छौं। हाम्रो पार्टीबाट जानुभएका राज्यमन्त्रीले राजीनामा गर्नुहुन्छ,' उनले भने। पार्टी अध्यक्ष रञ्जिता श्रेष्ठले पनि पार्टीका मन्त्री बर्खास्त गरेकोमा तीव्र असन्तुष्टि जनाइन्। 'हामीले केन्द्र र प्रदेशमा सरकारलाई दिएको समर्थन फिर्ता लिन्छौं,' रञ्जिताले भनिन्।

# नक्कली विद्यालय खडा गरी भ्रष्टाचार

- निर्माण उपभोक्ता समिति पनि फर्जी
- चार जनाविरुद्ध मुद्दा दायर
- ७ लाख ६० हजार रुपैयाँ अनियमितता

अन्नपूर्ण | *काठमाडौं*




डोल्पाको तत्कालीन दुनै गाविसमा दुर्गा प्राथमिक विद्यालय तिप्ला नै छैन। तर यो नक्कली विद्यालयको नाममा ७ लाख ६० हजारको योजना परेको छ। निर्माण उपभोक्ता समिति पनि फर्जी बनाइएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नक्कली विद्यालयका नाममा रकम भुक्तानी गरेर भ्रष्टाचार गरेको अभियोगमा चार जनाविरुद्ध मुद्दा दायर गरेको छ। जिल्ला प्राविधिक कार्यालय डोल्पाका तत्कालीन कार्यालय प्रमुख इन्जिनियर रविचन्द्र पजियार, लेखापाल मनिराम कुर्मी, फर्जी निर्माण उपभोक्ता समितिका अध्यक्ष नन्दसिंह बुढा र कोषाध्यक्ष संगीता बुढालाई प्रतिवादी बनाइएको छ। नक्कली विद्यालय खडा गरी भवन निर्माणका नाममा ७ लाख ६० हजार रुपैयाँ अनियमितता गरेको आरोपमा उनीहरूविरुद्ध आयोगले विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको अख्तियारका प्रवक्ता एवं सहसचिव राजेन्द्रकुमार पौडेलले जानकारी दिए।

तत्कालीन दुनै गाविस २ र ३ नम्बर वडा पर्ने तिप्लामा दुर्गा प्रावि नामको कुनै विद्यालय नै नभएको अख्तियारको आरोपपत्रमा उल्लेख छ।

हालको ठूलीभेरी नगरपालिका- ४ पर्ने तिप्लामा श्री लालीगुराँस आधारभूत विद्यालयमात्र सञ्चालनमा रहेको छ। तर, लालीगुराँस आधारभूत विद्यालयका नाममा आव २०६७/०६८ मा भवन निर्माणका लागि कुनै पनि बजेट विनियोजन नभएको र भवन पनि नबनेको अनुसन्धानमा खुलेको छ।

उनीहरूले तत्कालीन समयमा नक्कली विद्यालयको उपभोक्ता समिति गठन गरी जस्ता-छानासहितको दुईकोठे भवन निर्माणका नाममा झुट्टा र नक्कली कागजात तयार पारेर चेकमार्फत जिल्ला प्राविधिक कार्यालयबाट भुक्तानीसमेत लिएको पाइएको अनुसन्धानमा देखिएको छ।

भ्रष्टाचारमा संलग्न चारै जनाविरुद्ध भ्रष्टाचार निवारण ऐन २०५९ को पहिलो संशोधन बमोजिम कैद र रकम असुल गर्न मागदाबी गर्दै विशेष अदालतमा आरोपपत्र दायर गरिएको प्रवक्ता पौडेलले जानकारी दिए।

अख्तियारले यातायात ब्यवस्था कार्यालय, सुकेधारा, काठमाडौँका तत्कालीन कार्यालय प्रमुख उपसचिव सुन्दर भट्टराईविरुद्ध गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेकोले विषयमा आंशिक सफाइ दिएकोले उक्त फैसलाउपर सर्वोच्च अदालतमा पुनरावेदन गरिएको गरेको छ। त्यस्तै, अख्तियारले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा करारमा कार्यरत कम्प्युटर इन्जिनियर प्रदीप भट्टराईविद्ध राहदानी बनाइदिने भनी सेवाग्राहीसँग घुस लिएको विषय भएको विशेष अदालतले सफाइ दिएको फैसलाविरुद्ध पनि सर्वोच्चमा पुनरावेदन गरेको छ।

अख्तियारले बाराको सिम्रौनगढ नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्रप्रसाद साह कानुविरुद्धको फैसलामा त्रुटि भएको भन्दै सर्वोच्चमा पुनरावेदन गरेको छ।

## रुसी नौसेनाका उपप्रमुखको हत्या

**मस्को** (एजेन्सी) : युक्रेनले रुसको कुर्स्क क्षेत्रमा रुसी नौसेनाका उपप्रमुखको हत्या गरेको छ। रुसको सुदूरपूर्वमा रहेको प्रिमोर्स्की क्षेत्रका गभर्नर ओलेग कोझेम्याकोले उपप्रमुखको हत्या भएको बिहीबार बताएका छन्।

गार्ड्स मेजर जनरल मिखाइल गुडकोभ रुसी नौसेनाका उपप्रमुख कमान्डर-इन-चिफ हुन्। उनले युक्रेनमा लडिरहेको ब्रिगेडको नेतृत्व पनि गरेका थिए। गत वर्ष युक्रेनले आक्रमण गरेको रुसी सीमा क्षेत्रमा उनी मारिएका हुन्।

उनी तीन वर्षअघि युक्रेनमा पूर्ण-स्तरको आक्रमण सुरु भएदेखि मारिएका रुसको उच्च पदस्थ अधिकारीहरूमध्ये एक हुन्।

गभर्नर कोझेम्याकोले पहिले नै बहादुरीको लागि गुडकोभलाई पुरस्कार प्रदान गरेका थिए। उनको मृत्युको घोषणा गर्दै एक विज्ञप्तिमार्फत उनले आफूहरू दुई जनाले वर्षौंदेखि धेरै कुराकानी गरेको बताएका थिए।

उनले गुडकोभलाई 'बलियो इच्छाशक्ति भएको योद्धा'को रूपमा वर्णन गरे। गुडकोभ आफ्ना सहकर्मी सिपाहीहरूसँग एक अधिकारीको रूपमा आफ्नो कर्तव्य निर्वाह गर्दागर्दै मृत्युको मुखमा पुगेका उनले बताए। कोझेम्याकोले गुडकोभको मृत्युको परिस्थितिको बारेमा थप विवरण प्रदान गरेनन्। रुसको रक्षा मन्त्रालयले बिहीबार गुडकोभको मृत्युको पुष्टि गरेको छ।

संघीय निजामती सेवा विधेयक

# कार्यक्षमताको आधारमा बढुवा नहुने, अन्तरसेवा प्रतियोगिताको नयाँ व्यवस्था

सुरेन्द्र काफ्ले | *काठमाडौं*




- कार्यक्षमताको आधारमा हुने बढुवाको व्यवस्था हटाइयो
- स्नातक गरेकै कर्मचारी सचिव हुन सक्ने व्यवस्था
- कार्यक्षमता मूल्यांकनद्वारा हुने बढुवालाई पूरै बेवास्ता

संघीय निजामती सेवा विधेयकमा छलकपटका साथ राखिएको कुलिङ अफ पिरियडको विषयमा चर्काचर्की चलिरहेको छ। तर यो विधेयकमा कुलिङ अफ पिरियडमात्र नभएर बढुवासम्बन्धी व्यवस्थामा पनि छलछाम भएको देखिएको छ। कार्य क्षमताको आधारमा हुने बढुवाको व्यवस्था नै हटाइएको छ। संघीय निजामती सेवा विधेयकको दफा ३३ मा बढुवासम्बन्धी व्यवस्था गरिएको छ। यो विधेयकमा आन्तरिक प्रतियोगिता (आप्र) को सट्टामा अन्तरसेवा प्रतियोगिताको व्यवस्था गरिएको छ। संघीय पद्धतिमा यो व्यवस्था आवश्यक नै भएर राखिएका देखिएको छ। तर कार्यक्षमताको आधारमा हुने बढुवा पद्धति पूरै हटाइएको छ। एकल बढुवाको रूपमा ज्येष्ठता र कार्यसम्पादनको मूल्यांकनद्वारा हुने बढुवा स्वरूपको मात्रै बढुवाको व्यवस्था गरिएको छ। साबिकको निजामती सेवा ऐनमा आन्तरिक प्रतियोगिता, ज्येष्ठता र कार्यसम्पादन मूल्यांकनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्यांकनको आधारमा हुने बढुवा गरी तीन किसिमको बढुवाको प्रणाली रहेको थियो।

लामो समयको रस्साकस्सीबीच संघीय संसद्को प्रतिनिधिसभाबाट २०८२ असार १५ गते संघीय निजामती सेवा विधेयक सर्वसम्मत रूपमा पारित भयो। अब यो विधेयक राष्ट्रियसभाबाट पनि पारित भई राष्ट्रपतिबाट अनुमोदन हुनासाथ ऐनको रूपमा आउनेछ। तर कुलिङ अफ पिरियडमा भएको छलछामका कारणको उच्च स्थानमा छ।

मुलुक तीन तहको संघीय शासन प्रणालीमा गए पनि प्रशासनिक संयन्त्रलाई परिचालन गर्नको लागि संघीय ऐन नबन्दा जनशक्ति व्यवस्थापनमा अन्योलको स्थिति सिर्जना भएको थियो। तर ऐनको लागि लामो समय प्रतीक्षा गर्दा पनि ऐन सोचे अनुरूपको नआउने भएको देखिएको छ। यस विधेयकमा धेरै परस्पर विरोधाभाषपूर्ण व्यवस्थाहरू रहेका छन। कुलिङ पिरियडको मात्र नभएर बढुवासम्बन्धी व्यवस्था सम्बन्धमा चलखेल भएको देखिएको छ।

निजामती सेवा ऐन २०४९ तथा निजामती सेवा नियमावली २०५० ले गरेको बढुवा व्यवस्थामा न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेका कर्मचारी ज्येष्ठता र कार्यसम्पादन मूल्यांकनद्वारा बढुवा हुने व्यवस्था रहेको थियो भने माथिल्लो शैक्षिक योग्यता भएकाहरू कार्यक्षमताको मूल्यांकनद्वारा हुने बढुवामा समेत अवसर पाउने अवस्था रहेको थियो। यसरी निजामती सेवामा उच्च शिक्षा प्राप्त गरेका व्यक्तिहरूको संख्या निरन्तर बढ्दै गएको थियो। उच्च शिक्षा प्राप्त गरेका व्यक्तिहरूसमेत निजामती सेवामा प्रवेशका लालायित भएका थिए भने सेवा प्रवेश गरिसकेपछि कतिपय कर्मचारीहरूले स्वदेशी तथा विदेशी शैक्षिक संस्थाहरूबाट अध्ययनलाई निरन्तरता दिँदै आएका थिए।

» बाँकी पृष्ठ ६